# शिक्षा ऐन, २०७५
## कमल गाउँपालिका

**प्रस्तावनाः**

गुणस्तरीय विद्यालय शिक्षामा सबै नागरिकको पहुँच सुनिश्चित गर्न र कमल गाउँपालिका भित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन भइरहेका विद्यालयको व्यवस्थापन र नियमनमा स्थानीय जनसहभागिता सुनिश्चित गर्दै गुणस्तरीय शिक्षाको विकास गर्न बाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ अनुसार अनुसूची ८ ले प्रदान गरेको अधिकार प्रयोग गरी कमल गाउँपालिकाको तेश्रो गाउँसभाबाट यो ऐन जारी गरिएकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "कमल गाउँपालिका शिक्षा ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन कमल गाउँपालिका क्षेत्र भर लागू हुनेछ ।

(३) यो ऐन कमल गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "पूर्व प्राथमिक विद्यालय" भन्नाले पाँच वर्ष उमेर पुरा हुनु अघि प्रारम्भिक बाल शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।

(ख) "आधारभूत शिक्षा " भन्नाले कक्षा प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ग) "माध्यमिक शिक्षा " भन्नाले कक्षा नौ देखि बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(घ) "आधारभूत विद्यालय " भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्मको शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।

(ङ) "माध्यमिक विद्यालय " भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा बाह्रसम्मको शिक्षा वा कक्षा नौ देखि कक्षा बाह्र सम्मको शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।

(च) " शिक्षक " भन्नाले विद्यालयका अध्यापक तथा प्रधानाध्यापक दुबैलाई सम्झनु पर्छ ।

(छ) " कर्मचारी " भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(ज) " आधारभूत शिक्षा उत्तीर्ण परीक्षा " भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ ।

(झ) " अनुमति " भन्नाले स्थायी स्वीकृति सहायता प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा वडामा विद्यालय खोल्न वा कक्षा थप गर्न कार्यपालिकाले दिएको अस्थायी स्वीकृतीलाई सम्झनु पर्छ ।

(ञ) " स्वीकृति " भन्नाले तोकिए बमोजिमको सर्त पुरा गरेको विद्यालयलाई गाउँ कार्यपालिकाले दिइएको स्थायी स्वीकृतीलाई सम्झनु पर्छ ।

(ट) " शैक्षिक गुठी " भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उदेश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(ठ) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले दफा १५ को प्रयोजमका लागि विद्यार्थीको बाबु आमा बाजे वा बजै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई सम्झनु पर्छ ।

(ड) "आवासीय विद्यालय" भन्नाले प्रचलति कानुन बमोजिम आवासीय विद्यालयको रुपमा स्थापना भएको विद्यालयलाई सम्झनु पर्छ ।

(ढ) उच्च शिक्षा भन्नाले स्नातक तहदेखि माथिल्लो तहको शिक्षालाई सम्झनु पर्छ ।

(ण) "ऐन" भन्नाले कमल गाउँपालिका शिक्षा ऐन, २०७५ सम्झनु पर्छ ।

(त) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(थ) प्रदेश भन्नाले प्रदेश नं. १ लाई सम्झनु पर्छ ।

(द) "मन्त्रालय" भन्नाले संघिय शिक्षा मन्त्रालय सम्झनुपर्छ ।

(ध) "महाशाखा" भन्नाले प्रदेश मन्त्रालयको शिक्षा हेर्ने महाशाखा सम्झनु पर्छ ।

(न) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ ।

(प) "विद्यालय" भन्नाले सामुदायिक, संस्थागत र सहकारी विद्यालय सम्झनु पर्छ ।

(फ) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट नियमित रुपमा अनुदान नपाउने गरी स्वीकृति तथा अनुमति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ब) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनु पर्छः– (१) दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा, (२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमादिइने शिक्षा।

(भ) "समिति" भन्नाले दफा ९ बमोजिम गठित गाउँ शिक्षा समिति सम्झनुपर्छ।

(म) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

(य) "विद्यालय शिक्षा " भन्नाले आधारभुत र माध्यमिक शिक्षा सम्झनु पर्छ।

(र) "सीमान्तीकृत" भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अतिसीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ।

(ल) "सहकारी विद्यालय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट नियमित रुपमा अनुदान नपाउने गरी सहकारी संस्थाको रुपमा स्वीकृति तथा अनुमति प्राप्त विद्यालय सम्झनु पर्छ।

(व) "शिक्षा शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने शाखा वा इकाइलाई सम्झनु पर्छ ।

(श) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा निजले सम्पादन गर्ने कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

(ष) "स्रोतकेन्द" भन्नाले यस अघि शैक्षिक क्लस्टरको रुपमा रहेको विद्यालय वा केन्द्रलाई सम्झनु पर्छ।

(स) "स्रोतव्यक्ति " भन्नाले स्रोतकेन्द्र व्यवस्थापन निर्देशिका बमोजिम काम काज गर्न तोकिएको व्यक्तिलाई सम्झनु पर्छ।

**३. विद्यालय खोल्न अनुमति लिनु पर्नेः**

(१) कुनै नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई सम्बन्धित वडा समितिको सिफारिस सहित शिक्षा शाखामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निबेदन परेमा सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको शर्त बन्देज पालना गरेको देखिएमा गाउँकार्यपालिकाले स्वीकृति प्रदान गर्नेछ।

(४) यस अघि कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठीअन्तरर्गत विद्यालय सञ्चालन गर्न शिक्षा शाखामा निवेदन दिनु सक्नेछन्।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गराउनेछ र जाँचबुझ गराउँदा निवेदन दिने विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न गाउँ कार्यपालिकाले स्वीकृति दिनेछ।

(६) उपदफा (२), (३) वा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिईने छैनः

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बानाई सञ्चालन भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(७) उपदफा (२), (३) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नै स्रोतबाट पूर्व प्राथमिक विद्यालय खोल्ने अनुमति वा स्वीकृति सम्बन्धित वडा समितिले दिनेछ।

(८) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहायका कुरामा देहाय बमोजिम गर्नु पर्नेछ।

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) मा संगठित संस्थाको रुपमा हुनु पर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा सञ्चालक बोर्ड (ट्रष्टी) मा सार्वजनिक गुठी भए कम्तीमा पाँच जना र निजी गुठी भए कम्तीमा तीन जना सदस्य हुनु पनर्,े

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका गुठीका सञ्चालक ट्रष्टी) ले आफ्नो जिवनकालमै वा शेषपछि गुठीयारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने,

तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(९) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उदेश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा गाउँ कार्यपालिकाबाट स्वीकृति दिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ।

(१०) उपदफा (९) बमोजिम सञ्चालित विद्यालयले अध्यापन गराउनु पर्ने विषय, पालन गर्नु पर्ने सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(११) संघिय तथा प्रदेश कानुनमा भएको व्यवस्थामा सोही अनुसार हुने गरी विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृती दिइने छैन।

**४. विद्यालय सञ्चालनः**

विद्यालयको सञ्चालन तोकिएबमोजिम हुनेछ।

**५. माध्यमिक शिक्षाको प्रकारः**

संघिय तथा प्रदेश कानुनमा अन्य व्यवस्था भएमा सोही अनुसार हुने गरी माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन्।

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा

**६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धि व्यवस्थाः**

(१) गाउँ कार्यपालिकाले आवश्यक पुर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा वा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ।

(२) कुनै विद्यालयले विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा वा खुला शिक्षा सञ्चालन गर्न चाहेमा अवश्यक जाँचबुझ गरी गाउँ कार्यपालिकाले तोकिए बमोजिम अनुमति तथा स्वीकृती दिन सक्नेछ।

(३) विशेष शिक्षा, समावेशी शिक्षा, दुर शिक्षाको सञ्चालन साधारण शिक्षा सरह हुनेछ।

(४) उपदफा (३) मा जुन सुकै कुरा लेखिएको भएता पनि दृष्टि विहिन, न्युन दृष्टियुक्त, पूर्ण दृष्टिविहिन, बहिरा, सुस्त श्रवण, अटिज्म, बौधिक अपाङगता तथा श्रवण दृष्टिविहिन भएका बाबालिकाहरुको लागि पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण सिकाई र मुल्याङकन प्रणलीमा फरक व्यवस्था गर्न सकिनेछ।

(५) अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दुर तथा खुला शिक्षाको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**७. शिक्षाको माध्यमः**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछः

(क) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ।

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ।

(घ) अनिबार्य अंग्रेजी विषय अध्ययन गराउँदा अंग्रेजी भाषामा नै गराउनु पर्नेछ।

**८. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः**

विद्यालयले संघिय तथा प्रदेश सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्नु पर्नेछ।

**९. गाउँ शिक्षा समितिः**

(१) कमल गाउँपालिका भित्र सञ्चालन हुने विद्यालयको व्यवस्थापन, रेखदेख, समन्वय गर्ने र विद्यालय र शिक्षा सँग सम्बन्धित संघ संस्थाहरुलाई नियमन गर्ने सन्दर्भमा आवश्यक निती निर्धारण गर्ने सम्बन्धमा गाउँ कार्यपालिकालाई सल्लाह सुझाव दिने काम समेतका लागि देहाय बमोजिमको एक गाउँ शिक्षा समिति रहनेछः

(क) गाउँपालिकाको अध्यक्ष वा सो काम गर्न तोकिएको व्यक्ति — अध्यक्ष

(ख) गाउँ कार्यपालिकाले तोकेको गाउँ सभाका सदस्यहरु मध्येबाट कम्तिमा एक जना महिला सहित दुई जना सदस्य — सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँ कार्यपालिकाले मनोनित गरेको एक जना सदस्य — सदस्य

(घ) स्थानीय समाजसेवी वा शिक्षा प्रेमीहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना महिला सहित दुई जना — सदस्य

(ङ) सामुदयिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक र संस्थापकहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको दुई जना सदस्य — सदस्य

(च) विषेश शिक्षा, समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने संस्थाबाट प्रतिनिधित्व हुने गरी गाउँ शिक्षा समितिले मनोनित गरेको अपाङगता भएको व्यक्ति एक जना सदस्य — सदस्य

(छ) कमल गाउँपालिका शिक्षक महासंघको अध्यक्ष — सदस्य

(ज) शिक्षा शाखा प्रमुख — सदस्य सचिव

(२) उपदफा (१) बमोजिम मनोनित सदस्यको पदावधि दुई बर्षको हुनेछ। मनोनित सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनित गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनुअघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बन्चित गरिने छैन।

(३) गाउँ शिक्षा समितिको काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धि कार्यविधि तोकिए बमोजिम हुनेछ।

**१०. सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्नेः**

गाउँपालिकामा साक्षरता, सीप विकास र निरन्तर सिकाई समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

**११. अनुदान कटौती नगरिनेः**

यो ऐन प्रारम्भ हुदाकाबखत सामुदायिक विद्यालयलाई दिइदै आएको अनुदान रकममा कटौती गरिने छैन । तर कुनै विद्यालयले तोकिएको शैक्षिक गुणस्तर कायम गर्न नसकेमा त्यस्तो विद्यालयलाई दिदै आएको अनुदान रकममा तोकिएबमोजिम कतौत गर्न सकिनेछ।

**१२. छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः**

माध्यमिक शिक्षाको लागि विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिएबमोजि छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ।

**१३. प्रारम्भिक वालशिक्षा केन्द्रलाई अनुदान दिन सक्नेः**

गुणस्तरीय प्रारम्भिक बालशिक्षा केन्द्रलाई तोकिएबमोजिम प्रोत्साहन अनुदान दिन सक्नेछ।

**१४. प्रारम्भिक वालशिक्षा सम्बन्धि व्यवस्थाः**

प्रारम्भिक बालशिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धि व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**१५. विद्यालय व्यवस्थापन समितिः**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रतेक विद्यालयमा देहायका सदस्य रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) अभिभावकले आफुहरुमध्येबाट छानी पठाएका दुई जना महिला सहित चार जना - सदस्य

(ख) सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यमध्येबाट सो वडा समितिले मनोनयन गरेको एक जना - सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुध्दिजिवी, शिक्षा प्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई सबै भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना महिला सहित दुई जना- सदस्य

(घ) सम्बन्धित विद्यालयका शिक्षकले आफुहरुमध्येबाट छानी पठाएको एकजना - सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक - सदस्य सचिव

(२) प्राविधिक र व्यवसायिक विषयमा अध्ययन वा तालिम गराईने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा कमल गाउँपालिका सम्बन्धित क्षेत्रका विषय विज्ञहरु मध्येबाट गाउँ शिक्षा समितिले तोकेका दुई जना विषय विज्ञ प्रतिनिधि सदस्य रहनेछन् ।

(३) उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमका सदस्यहरुमध्येबाट गाउँ शिक्षा समितिले तोकेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) विषेश शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एकजना अपाङगता भएका व्यक्ति सदस्य रहनेछ ।

(६) शिक्षा शाखा प्रमुख र स्रोतव्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(७) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रतेक विद्यालयमा देहायका सदस्य रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरुकध्येबाट विद्यालयको सिफारिसमा गाउँ शिक्षा समितिले मनोनित गरेको व्यक्ति — अध्यक्ष

(ख) अभिभावकहरुकध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुई जना - सदस्य

(ग) स्थानिय शिक्षाप्रेमी वा समाजसेवीहरुकध्येबाट गाउँशिक्षा समितिबाट मानोनित गरेको एक जना - सदस्य

(घ) शिक्षा शाखा प्रमुख वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी -सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकले आफुहरुमध्येबाट छानी पठाएको एकजना - सदस्य

(च) सम्बन्धित विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(८) उपदफा (१), (३) र (७) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन बर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनुअघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बन्चित गरिने छैन ।

(९) विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य, अधिकार र बैठकसम्बन्धि कार्यविधि तोकिएबमोजिम हुनेछ ।

**१६. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेः**

(१) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेमा सोको कारण खुलाई गाउँ शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ ।

तर त्यसरी विघटन गर्नुअघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बन्चित गरिने छैन ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँ शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ र सो अस्थायी विद्यालय व्यवस्थापन समितिले कम्तीमा एक वर्ष भित्र यस ऐन बमोजिमको व्यवस्थापन समिति गठन गर्नु पर्नेछ ।

**१७. शिक्षा विकास कोषः**

(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुर्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नकोलागि गाउँपालिका स्तरमा एक शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्ः

(क) गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) संस्थागत विद्यालयबाट प्राप्त वा त्यस्ता विद्यालयको वार्षिक कुल आम्दानीको तोकिएबमोजिमको रकम,

(ग) चन्दाबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) र (२) बमोजिम शिक्षा विकास कोषको सञ्चालन तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१८. विद्यालय कोषः**

(१) प्रतेक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहायका रकमहरु रहनेछन्ः

(क) संघिय तथा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ख) गाउँपालिकाबाट प्राप्त रकम,

(ग) शुल्कबाट आउने रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन, लेखापरीक्षण तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१९. गाउँ कार्यपालिकाले निर्देशन दिन सक्नेः**

(१) गाउँकार्यपालिकाले आवश्यकतानुसार गाउँ शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन पालना गर्नु गाउँ शिक्षा समिति र प्रत्येक विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**२०. विद्यालयको नामाकरणः**

(१) गाउँकार्यपालिकाले विद्यालयको नाम परिवर्तन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालयको नामाकरण तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२१. विद्यालयको सम्पत्तिः**

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाईने छैन।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिम विद्यालयको सम्पत्ति सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२२. अनुमति वा स्वीकृति रद्द गर्नेः**

(१) कुनै संस्थागत विद्यालयले माग बमोजिमको विवरण तोकिएको समय भित्र नदिएमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित अन्य कुनै काम गरेमा त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृती रद्द गरिनेछ।

तर त्यसरी अनुमति तथा स्वीकृती रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

**२३. विद्यालयको बर्गीकरणः**

विद्यालयहरुलाई तोकिएको आधारमा बर्गीकरण गरिनेछ।

**२४. विद्ययलयलाई सुरक्षित क्षेत्रकोरुपमा कायम गर्नु पर्नेः**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा कुनैपनि किसिमको अवान्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्न विद्यँलयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**२५. शुल्क सम्बन्धि व्यवस्थाः**

(१) सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाईने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न वा थप शैक्षिक गतिविधि सञ्चालन गराउन अभिभावकहरुको आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिनेछ।

(३) संस्थागत विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा शुल्क लिन सक्नेछ तर त्यसरी शुल्क लिदा अभिभावकहरुको सहमतिमा विद्यालय व्यवस्थापन समितिबाट शुल्क प्रस्ताव गरी गाउँ शिक्षा समिति समक्ष पेश गरी स्वीकृती लिनु पर्नेछ।

(४) यस ऐन विपरित शुल्क लिने विद्यालयलाई पचास हजार सम्म जरिवाना गर्न सकिनेछ।

(५) सामुदायिक तथा संस्थागत विद्यालयको शुल्क सम्बन्धि अन्य व्यवस्था तोकिए कमोजिम हुनेछ।

**२६. शिक्षक विद्यार्थी अनुपात मिलाउनेः**

गाउँ शिक्षा समितिले प्रत्येक समुदायिक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिएबमोजिम विद्यार्थी शिक्षक अनुपात कायम गर्नु पर्न्नेछ।

**२७. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः**

(१) संस्थागत विद्यालयले भर्नाभएका कुल विद्यार्थी संख्याको आधारमा कम्तीमा दश प्रतिसतमा नघट्ने गरी विपन्न, अपांग, महिला, दलित र जनजाती विद्यार्थीलाई निःशुल्क अध्ययनका लागि छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्ति सम्बन्धि अन्य व्यवस्था तोकिए कमोजिम हुनेछ।

**२८. बालबालिकालाई निष्कासन गर्न, शारीरिक वा मानसिक दुव्र्यवहार गर्न नहुनेः**

विद्यालयमा अध्ययनरत वालवालिकालाई निष्कासन गर्न, शारीरिक वा मानसिक यातना दिन वा दुव्र्यवहार गर्न पाइने छैन।

**२९. अनुमति नलिई कुनै पनि शैक्षिक कार्यक्रम सञ्चालन गर्न नहुनेः**

(१) यस ऐन बमोजिम कसैले पनि अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा, पूर्व तयारी कक्षा वा यस्तै प्रकारका अन्य शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउनेछैन।

(२) उपदफा (१) बमोजिमका शैक्षिक कार्यक्रमको अनुमति तथा स्वीकृति सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३०. पुरस्कार र सम्मानः**

(१) गाउँकार्यपालिकाले गाउँ शिक्षा समितिको सिफारिसमा हरेक वर्ष सामुदायिक विद्यालयहरुमध्येबाट एउटा र संस्थागत विद्यालयबाट एउटा गरी जम्मा दुईवटा सर्वोत्कृट विद्यालय घोषणा गरी तोकिएको नगद रकमसहित पुरस्कृत गरी सम्मान गरिनेछ।

(२) गाउँकार्यपालिकाले गाउँ शिक्षा समितिको सिफारिसमा हरेक वर्ष तोकिएको संख्यामा सामुदायिक विद्यालयहरुमध्येबाट उत्कृष्ट प्रधानाध्यापक, सबै विषयका उत्कृष्ट विषयगत शिक्षकहरु, उत्कृष्ट विद्यालय व्यवस्थापन समिती घोषणा गरी तोकिएको नगद रकम सहित पुरस्कृत गरी सम्मान गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम पुरस्कारको लागि छनौट गर्ने मापदण्ड तोकिए बमोजिम हुनेछ।

(४) कुनै सामुदायिक विद्यालयको भौतिक वा शैक्षिक कार्यमा महत्वपूर्ण सहयोग गर्ने व्यक्ति, संस्था, संस्थागत विद्यालय वा दातालाई गाउँकार्यपालिकाले सम्मान गर्न सक्नेछ।

**३१. आधारभुत तहको परीक्षा संचालन, अनुगमन र व्यवस्थापनः**

(१) आधारभुत तहको अन्त्यमा हुने गाउँपालिका स्तरीय आधारभुत तह उत्तिर्ण परीक्षाको संचालन, अनुगमन, व्यवस्थापन र नियन्त्रण गर्नको लागि देहाय बमोजिमको आधारभुत तह उत्तिर्ण परीक्षा समिति रहनेछः

(क) प्रमुख प्रशासकिय अधिकृत — अध्यक्ष

(ख) सामुदायिक तथा संस्थागत विद्यालयको प्रतिनिधित्व हुने गरी कम्तीमा एकजना महिला सहित समितिको अध्यक्षले मोनोनित गरेको तीनजना — सदस्य

(ग) शिक्षा शाखा प्रमुख — सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिमा मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(३) परीक्षा समितिले स्रोतव्यक्ति तथा सम्बन्धित विषयका विषय विज्ञलाई परीक्षा समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(४) परीक्षा समितिको बैठक सम्बन्धि कार्यविधि सो समितिले आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

(५) परीक्षा समितिको काम कर्तव्य र अधिकार तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**३२. गाउँकार्यपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न, बन्द गर्न तथा शिक्षक दरबन्दी मिलान गर्न सक्नेः**

(१) गाउँकार्यपालिका वा तोकिएको अधिकारीले गाउँ शिक्षा समितिको राय लिई सञ्चालन भई रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको गाउँ वा टोलमा विद्यालय खोल्न वा कक्षा थप गरी संचालन गर्न अनुमति वा स्वीकृती दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न, बन्द गर्न तथा शिक्षक दरबन्दी मिलान गर्ने कार्य तोकिए बमोजिम हुनेछ।

**३३. आचार–संहिता जारी गरी लागु गर्नु पर्नेः**

(१) विद्यालयले पालना गर्नुपर्ने आचार–संहिता सम्बन्धित विद्यालयले जारी गरी लागु गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जारी गरिएको आचार–संहिता पालना नगर्ने विद्यालयलाई तोकिए बमोजिम कारवाही गर्न सकिनेछ।

**३४. नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले नियम, निर्देशिका वा मापदण्ड वा कार्यविधि बनाउन सक्नेछ। यस अधि कार्यपालिकाबाट भएका कार्य यसै बमोजिम भएको मानिनेछ।

**३५. बाधा अड्काउ हटाउने अधिकारः**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउकार्यपालिकाले राजपत्रमा सूचना प्रकाशित गरी आदेश गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परेसरह मानिनेछ।

**३६. प्रचलित कानून बमोजिम हुनेः**

यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

**३७. बचाउः**

यो ऐन प्रारम्भ भई लागु हुनु भन्दा अघि प्रचलित कानून बमोजिम भए गरेका काम यसै ऐन बमोजिम भएको मानिनेछ साथै संघिय र प्रदेश कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।